# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ढल्केबर,धनुषा
मधेश प्रदेश,नेपाल
(सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा)

मिति २०७९।१२।२९

पत्र संख्या:- २०७९।०८०
चलानी नं.:- १६८८

बिषय : जन्म दर्ता सम्बन्धमा ।

श्री मिथिला नगरपालिका,
सबै १ देखि ११ वडा कार्यालयहरु ।

उपरोक्त बिषयमा जन्म दर्ता सम्बन्धमा श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबार काठमाण्डौको प.स. २०७९।०८० च.न. १६४१ मिति २०७९।१२।२६ गतेको पत्र प्राप्त हुन आएकोले सो पत्रको छायाकपी यसै पत्र साथ संलग्न गरी पठाइएको छ । उक्त पत्र बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

बोधार्थ
श्री नगर प्रमुख ज्यू,
मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय,ढल्केवर ।
श्री उप प्रमुख ज्यू,
मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय,ढल्केवर ।
श्री सुचना प्रविधि शाखा,
मि.न.पा. ढल्केवर : वेवसाईडमा राखी दिनुहुन ।

अशोक कुमार भण्डारी
नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११६३८
४२००८१४, ४२००८९८
फ्याक्स : ४२००९१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८३।८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १६८४१

मिति २०७९।१२।२६

विषय : जन्म दर्ता सम्बन्धमा

6099
२०७९।१२।२६

श्री स्थानीय पञ्जिकाधिकारी,
सबै (६७४३ वडा कार्यलयहरु )।

यस विभागबाट मिति २०७९/०७/३० मा गरिएको परिपत्रको बुदा नं. २ अनुसार एकल महिलाबाट जन्म भएका बच्चाको आमाले विवाह गरेको अवस्थामा त्यस्ता बच्चाको जन्म दर्ता गर्ने स्थान र थरका विषयमा द्विविधा उत्पन्न भइ थप स्पष्ट गरिदिन विभिन्न स्थानीय तहहरुबाट अनुरोध भइ आएकोले दोहोरो दर्ता नहुने गरी बच्चाको जन्म दर्ता गर्ने सम्बन्धमा विभागको च.नं. १६२६ मिति २०७९/१२/२२ को परिपत्रबाट सबै स्थानीय पञ्जिकाधिकारीहरुलाई पत्र मार्फत जानकारी गराइएको व्यहोरा बिदितै छ।
बच्चाको जन्मदिने आमाको लैङ्गिक भूमिकालाई उच्च सम्मान गर्दै नेपालको संविधानको धारा ३९ अनुसार प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक संरक्षण गर्न माथि उल्लिखित परिपत्रका सम्बन्धमा थप स्पष्ट गरिएको छ। तसर्थ, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (दोश्रो संशोधन सहित), २०७७ को नियम २८ को देहाय खण्ड (क) बमोजिम जन्म दर्ता सम्बन्धमा सहजता र एकरुपता कायम गर्ने गरी तपसिल अनुसार गर्नु गराउनु हुन अनुरोध छ।

तपसिल

१. एकल महिलाबाट जन्म भएको तर पितृत्वको ठेगान नलागेको बच्चाको जन्म दर्ता गर्दा आमाको थर र स्थायी ठेगाना राखी जन्म दर्ता गरिदिने।
२. विवाह अघि बच्चा जन्म भएको एकल महिलाले विवाह गरी पतिको ठेगानामा सँगै बसेको अवस्थामा आमा सूचक भइ बच्चा जन्मदा कायम भएको आमाको थर राखी हालको स्थायी ठेगानामा जन्म दर्ता गरिदिने । यदि बच्चा मावलीमा बसेको भए सोही ठेगानामा जन्म दर्ता गरिदिने।
३. बच्चाको जन्म दर्ता भईसकेपछि पितृत्व/बाबुको ठेगान पत्ता लागेको अवस्थामा माथि प्रकरण नम्बर (१) र (२) अनुसार भएको जन्म दर्ता नियमानुसार रद्द गरी बाबुको ठेगानाबाट बाबु वा आमा वा दुबैको थर राखी नयाँ जन्मदर्ता गरिदिने।

क्रमशः

महानिर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११६९१, ४२११९३८
४२००६९४, ४२००६९५
फ्याक्स : ४२००६१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १६८४१

मिति

४ नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको बच्चाको कुनै पनि परिवार नभएको प्रमाणित भएको बच्चा फेला परेमा हेरचाह गर्ने कानून बमोजिमको संरक्षक/माथवर व्यक्तिले दिएको ठेगाना, नाम, थर राखी जन्म दर्ता गरिदिने।

५. बाबु आमाको कानून बमोजिम सम्बन्ध बिच्छेद भइ आमासँग रहने छोराछोरीको जन्म दर्ता गर्दा बाबुको स्थायी ठेगानामा दर्ता नभएको एकिन गरी आमाको हालको स्थायी ठेगानामा जन्म दर्ता गरिदिने।

६. कानून बमोजिम कारागारमा सजाय भोगिरहेका महिलाबाट जन्म भएको बच्चाको जन्म दर्ता गर्दा कारागार कार्यालय प्रमुखबाट सूचना फाराम प्रमाणित भइ आएमा सम्बन्धित व्यक्तिको स्थायी ठेगाना रहेको वडा कार्यालयमा बच्चाको जन्म दर्ता गरिदिने।

७. मुलुकी देवानी संहिता २०७४ लागू भएको मिति २०७५ भाद्र १ पछि स्वतः बदरहुने/बदरयोग्य बालविवाह वा बहुविवाहको परिणामबाट जन्म भएको बच्चाको कानून बमोजिमको प्रक्रिया पुऱ्याइ जन्म दर्ता गरिदिने।

८. माथि उल्लिखित बाहेक अन्य प्रकृतिका जन्म दर्ताको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (संशोधन सहित) २०७७ र विभागबाट यसअघि जारी भएका परिपत्रानुसार गर्ने गराउने।

(रुद्रप्रसाद पण्डित)
महानिर्देशक
एवम्
केन्द्रीय पञ्जिकाधिकारी (रजिष्ट्रार)

अवगतार्थ:
श्रीमान् सचिवज्यू
गृह मन्त्रालय, सिंहदरबार।

बोधार्थ/कार्यार्थ:
श्री जिल्ला प्रशासन कार्यालय,सबै।
श्री इलाका प्रशासन कार्यालय,सबै।
श्री सिमा प्रशासन कार्यालय, सबै।

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np